# बैंक तथा वित्तीय संस्था रिजोलुसन विनियमावली, २०७४

नेपाल राष्ट्र बैंक ऐन (दोस्रो संशोधन) २०५८ को दफा ४ को उप-दफा (१) को खण्ड (ख) मा उल्लेखित उद्देश्य प्राप्त गर्न नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त संस्थाहरुको लागि तोकिएका मापदण्ड भन्दा कमजोर वा खराव भएको अवस्थामा बैंक तथा वित्तीय संस्थाको सुधार वा निकासको लागि नेपाल राष्ट्र बैंकले अवलम्वन गरेका विभिन्न सुधारात्मक, उपचारात्मक, फरफारक तथा अन्य प्रकारका उपाय, विधि, प्रकृया वा क्रियाकलाप कार्यान्वयन गर्नलाई सोही ऐनको दफा ११० को उप-दफा (२) को खण्ड (ण) ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंकको सञ्चालक समितिले देहायका विनियमहरु बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी विनियमहरूको नाम "बैंक तथा वित्तीय संस्था रिजोलुसन विनियमावली, २०७४" रहेको छ ।

(२) यो विनियमावली नेपाल राष्ट्र बैंकको संचालक समितिले पारित गरेको मितिदेखि प्रारम्भ हुनेछ ।*

२. **परिभाषा :** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,-

(क) "ऐन" भन्नाले नेपाल राष्ट्र बैंक ऐन (दोस्रो संशोधन) २०५८ सम्झनु पर्छ ।

(ख) "राष्ट्र बैंक" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

(ग) "समिति" भन्नाले ऐनको दफा १४ बमोजिम गठन भएको राष्ट्र बैंकको सञ्चालक समिति सम्झनु पर्छ ।

(घ) "गभर्नर" भन्नाले ऐनको दफा १५ बमोजिम नियुक्त राष्ट्र बैंकको गभर्नर सम्झनु पर्छ ।

(ङ) "डेपुटी गभर्नर" भन्नाले ऐनको दफा १६ बमोजिम नियुक्त राष्ट्र बैंकको डेपुटी गभर्नर सम्झनु पर्छ ।

(च) "विभाग" भन्नाले राष्ट्र बैंकको सम्बन्धित सुपरिवेक्षण विभाग सम्झनु पर्छ ।

(छ) "विभागिय प्रमुख" भन्नाले राष्ट्र बैंकको सम्बन्धित सुपरिवेक्षण विभागको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ज) "महाशाखा/इकाई" भन्नाले राष्ट्र बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा रिजोलुसन सम्वन्धी काम गर्ने गरी विभाग अन्तरगत रहने रिजोलुसन महाशाखा/इकाईलाई सम्झनु पर्छ ।

* नेपाल राष्ट्र बैङ्कको सञ्चालक समितिको मिति २०७४।११।१५ को ५६/२०७४ औं बैठकबाट स्वीकृत भई लागू भएको ।

(झ) "महाशाखा/इकाई प्रमुख" भन्नाले रिजोलुसन कार्य गर्नको लागि विभागिय प्रमुखले जिम्मेवारी तोकेको महाशाखा/इकाई प्रमुखलाई सम्झनु पर्छ ।

(ञ) "बैंक तथा वित्तीय संस्था" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ बमोजिम राष्ट्र बैंकबाट बैंकिङ तथा वित्तीय कारोवार गर्ने इजाजतपत्र प्राप्त "क" "ख" "ग" र "घ" वर्गको बैंक तथा वित्तीय संस्था सम्झनु पर्छ ।

(ट) "संस्था" भन्नाले ऐनको दफा ८६ख. बमोजिम राष्ट्र बैंकबाट समस्याग्रस्त घोषणा गरिएको बैंक तथा वित्तीय संस्था वा रिजोलुसन गर्नुपर्ने भनी बैंकले तोकेको बैंक वा वित्तीय संस्था सम्झनु पर्छ ।

(ठ) "निरीक्षक" भन्नाले बैंक तथा वित्तीय संस्थाको स्थलगत निरीक्षणका लागि राष्ट्र बैंकबाट खटाएको टोलीका सदस्य सम्झनु पर्छ र सो शब्दले विशेष वा आकस्मिक निरीक्षण कार्यको लागि खटाइएका प्रतिनिधि, विशेषज्ञ वा परामर्शदाता व्यक्ति/संस्था समेतलाई जनाउँछ ।

(ड) "सुपरिवेक्षक" भन्नाले सुपरिवेक्षण कार्यमा संलग्न राष्ट्र बैंकका कर्मचारी सम्झनु पर्छ र सो शव्दले निरीक्षण, अनुगमन गर्ने वा निर्देशन दिने अधिकारी समेतलाई जनाउंछ ।

(ढ) "रिजोलुसन" भन्नाले संस्था सुधार वा निकासको लागि बैंक तथा वित्तीय संस्थाले अवलम्वन गरेका विभिन्न सुधारात्मक, उपचारात्मक, फरफारक तथा अन्य प्रकारका उपाय, विधि, प्रकृया वा क्रियाकलापलाई सम्झनु पर्छ ।

(ण) "नियुक्त अधिकारी" भन्नाले ऐनको दफा ८६ग को उपदफा (१) को खण्ड (ण) बमोजिम नियुक्त अधिकारीलाई संझनु पर्छ ।

(त) "धितोपत्र" भन्नाले बैंक तथा वित्तीय संस्था वा संगठित संस्थाले जारी गरेको शेयर, स्टक, बण्ड, डिवेञ्चर, डिवेञ्चर स्टक वा सामूहिक लगानी योजना सम्बन्धी प्रमाणपत्र वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको प्रमाणपत्र, बचतपत्र वा बण्ड सम्झनु पर्छ र सो शब्दले धितोपत्र बजार मार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुन सक्ने भनी नेपाल धितोपत्र बोर्डले तोकिदिएको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरिद, बिक्री वा विनिमय गर्न सक्ने अधिकारपत्र समेतलाई जनाउँछ ।

(थ) "कार्ययोजना" भन्नाले महाशाखा/इकाईले आगामी आर्थिक वर्षमा सम्पादन गर्ने कार्यहरुको समयावधि सहितको योजना सम्झनु पर्छ ।

(द) "रिजोलुसन कार्ययोजना" भन्नाले राष्ट्र बैंकले आफै वा सम्बन्धित पक्षसंग समन्वय गरी गर्नु पर्ने सुधार सम्वन्धमा तयार गरेको उपचारात्मक, सुधारात्मक, फरफारक सम्बन्धी कृयाकलाप वा कार्य विवरण सम्झनु पर्छ ।

(ध) "विशेष प्रशासन समूह" भन्नाले ऐनको दफा ८८(ख) बमोजिम गठन भएको समूह संझनु पर्छ ।

(न) "पुल संस्था" भन्नाले ऐनको दफा ८८ज. बमोजिम स्थापना हुने पुल संस्था वा इकाई सम्झनु पर्छ।

(प) "रिजोलुसन समिति" भन्नाले संस्थाको सुधार वा निकास सम्बन्धी काम कारवाही र नीतिगत व्यवस्थाका लागि सिफरिस तथा आवश्यक निर्णय गर्न विनियम ८ बमोजिम गठन भएको समिति सम्झनु पर्छ।

## परिच्छेद - २
## रिजोलुसन सम्बन्धी व्यवस्था

३. **रिजोलुसन गर्नुपर्ने संस्थाको निक्यौंलः** देहायको अवस्थामा सम्बन्धित सुपरिवेक्षण विभागको रिजोलुसन महाशाखा वा ईकाईबाट बैंक तथा वित्तीय संस्थालाई रिजोलुसन सम्बन्धी काम कारवाही अगाडि बढाइनेछ।

(क) ईजाजतपत्रप्राप्त संस्थाको "बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०७४" को विनियम ३ को खण्ड (घ) बमोजिम कारवाही भएको बैंक तथा वित्तीय संस्था।

(ख) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनको दफा १०२ बमोजिम राष्ट्र बैंकले नियन्त्रणमा लिएको बैंक तथा वित्तीय संस्था।

(ग) ऐनको दफा ८६ख बमोजिम समस्याग्रस्त घोषणा गरिएको बैंक तथा वित्तीय संस्था।

(घ) ऐनको परिच्छेद ९क बमोजिम फरफारखमा परेका बैंक तथा वित्तीय संस्थाहरु।

(ङ) राष्ट्र बैंकले रिजोलुसन प्रक्रियामा राखी सुधार गर्न आवश्यक भएको भनी तोकिदिएको बैंक तथा वित्तीय संस्था।

४. **सुपरिवेक्षण तथा अनुगमनः** (क) संस्थाको सुपरिवेक्षण तथा अनुगमन विद्यमान निरीक्षण तथा सुपरिवेक्षण विनियमावली बमोजिम कार्ययोजना बनाई गर्नु पर्नेछ।

(ख) संस्थासंग सम्बन्धित आवश्यक सूचना तथा जानकारी महाशाखा/इकाईले लिई राख्नुपर्नेछ।

५. **रिजोलुसन प्रकृयाः** (१) विभागमा रहेको रिजोलुसन महाशाखा वा ईकाईले रिजोलुसन सम्बन्धी देहायका एक वा बढि प्रक्रिया आवश्यकता अनुसार अपनाउन सक्नेछ।

(क) "बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०७४" को विनियम ३ को खण्ड (घ) बमोजिम कारवाही भएको बैंक तथा वित्तीय संस्थालाई सोही विनियमावलीमा तोकिएबमोजिम रिजोलुसन गरिनेछ।

(ख) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १०२ (१) बमोजिम राष्ट्र बैंकले नियन्त्रणमा लिएको बैंक तथा वित्तीय संस्थालाई सोही ऐनको दफा १०२ को उपदफा (२) देखि (८) बमोजिम रिजोलुसन गरिनेछ ।

(ग) ऐनको दफा ८६ख बमोजिम समस्याग्रस्त घोषणा गरिएको बैंक वा वित्तीय संस्थालाई ऐनको दफा ८६ङ. सुधारात्मक, दफा ८६च बमोजिम उपचारात्मक र ऐनको परिच्छेद ९क बमोजिम फरफारक सम्बन्धी व्यवस्थाहरुको अवलम्बन गरी रिजोलुसन गरिनेछ ।

(घ) संस्थाको व्यवस्थापनमा आवश्यक परिवर्तन नगरी सुधार हुन नसक्ने अवस्था देखिएमा ऐनको दफा ८६ग (१) को (ण) बमोजिम नियुक्त अधिकारीको नियुक्ति गरी कार्य संचालन गर्ने गराउने व्यवस्था मिलाउन सक्नेछ ।

(ङ) बैंकले रिजोलुसन प्रक्रियामा रहेको संस्थाको रिजोलुसनको लागि ऐनको दफा ८८ज मा भएको व्यवस्था अनुसार पुल संस्था (ब्रिज इन्ष्टिच्यूसन) सम्बन्धी व्यवस्था गरी कार्यान्वयन गर्न सक्नेछ ।

(च) ऐनको दफा ८८छ. को उपदफा (१) मा भएको व्यवस्था बमोजिम कुनै वाणिज्य बैंक वा वित्तीय संस्थाको सम्बन्धमा शुरु भएको फरफारखको प्रक्रिया सम्पन्न गर्दा समग्र वित्तीय स्थायित्व वा प्रणालीमा नकारात्मक असर पर्ने देखिएमा विशेष प्रशासन समूहले सोही व्यहोरा उल्लेख गरी सो अवस्था सिर्जना हुन नदिनका लागि त्यस्तो संस्थाको सम्पत्ति तथा दायित्वको अवस्था समेत समावेश गरी भविष्यमा चाल्नु पर्ने कदम सहितको प्रतिवेदन तयार गरी बैंक समक्ष पेश गरेमा सोहि ऐनको उपदफा (२) बमोजिम बैंकले त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थाको फरफारख गर्दा समग्र वित्तीय स्थायित्व वा प्रणालीमा नकारात्मक असर पर्ने देखिन आएमा र नेपाल सरकारले त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थामा लगानी गरेमा वित्तीय स्थिति सुधार हुन सक्ने अवस्था देखिएमा बैंकले आफ्नो राय सहित सोही व्यहोरा नेपाल सरकार समक्ष सिफारिस गर्नेछ ।

(छ) संस्थाको रिजोलुसन प्रकृया अघि बढाउने सिलसिलामा राष्ट्र बैंकले ऐनको दफा ८६ङ. बमोजिम सुधारात्मक उपाय र दफा ८६च बमोजिम उपचारात्मक उपायहरु तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐंनमा भएको व्यवस्थाको अवलम्बन गर्दा समेत संस्थाको सुधार नभएमा रिजोलुसन समितिबाट सिफारिस भएअनुसार अन्य उपयुक्त उपाय अवलम्बन गर्न सक्नेछ ।

(ज) खारेजीको लागि निवेदन दिन सक्नेः (१) ऐनको दफा ८८ण को उपदफा(१) मा भएको व्यवस्था बमोजिम बैंकले कुनै पनि वाणिज्य बैंक वा वित्तीय संस्थाका सम्बन्धमा शुरु गरेको फरफारखको प्रक्रिया समाप्त भएमा वा अन्य कुनै कारणले सो प्रक्रिया सम्पन्न नहुँदै सो सम्बन्धमा विशेष प्रशासन समूहले दिएको सुझाव वा अन्य आधारमा समेत त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्था राम्रोसँग सञ्चालन हुन नसक्ने भन्ने कुरामा

बैंक विश्वस्त भएमा त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थालाई खारेज गर्नका लागि अदालत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उप विनियम (१) बमोजिम बैंकले खारेजीको लागि निवेदन दिएकोमा त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थाको खारेजीको कारवाही गर्दा दामासाही सम्बन्धी ऐन, २०६३ बमोजिम जाँचबुझ प्रक्रिया अगाडि बढाउन आवश्यक पर्नेछैन ।

## परिच्छेद - ३
## नियुक्त अधिकारी वा विशेष प्रशासन समुह सम्बन्धी व्यवस्था

### ६. नियुक्त अधिकारी वा विशेष प्रशासन समुहको नियुक्ति गर्न सकिने

(१) संस्था रिजोलुसनको लागि संस्थाको विद्यमान व्यवस्थापन सक्षम हुने कुरामा राष्ट्र बैंक विश्वस्त नभएमा वा नयां व्यवस्थापन समूहको रुपमा नियुक्त अधिकारी वा विशेष प्रशासन समुहको व्यवस्थावाट संस्थाको वित्तीय अवस्थामा सुधार ल्याई सर्वसाधारण निक्षेपकर्ताको हित संरक्षण गर्न सकिने र समग्र वित्तीय प्रणाली प्रति विश्वसनीयता अभिवृद्धि हुने देखिएमा संस्थाको व्यवस्थापन तथा संचालनको लागि राष्ट्र बैंकले ऐनको दफा ८६ग (१) (ण) र दफा ८८ख बमोजिम नियुक्त अधिकारी वा विशेष प्रशासन समुह मार्फत रिजोलुसन प्रक्रिया अगाडि बढाउनेछ ।

(२) राष्ट्र बैंकले बैंककै कर्मचारी वा उप विनियम (३) मा तोकिए बमोजिमको योग्यता पुगेका व्यक्ति, फर्म, कम्पनी वा समूहबाट व्यवस्थापन समूहको नियुक्ति गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(३) ऐंनको दफा ८८ख. बमोजिम गठन हुने विशेष प्रशासन समुहमा रहने पदाधिकारीहरु राष्ट्र बैंकका कर्मचारी नरहेको अवस्थामा देहायबमोजिमको योग्यता पुगेको हुनु पर्नेछः

(क) व्यवस्थापन, बैंकिङ्ग, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्याङ्कशास्त्र, लेखा, गणित, व्यापार प्रशासन वा कानून विषयमा स्नातकोत्तर उपाधि हासिल गरी बैकिङ्ग क्षेत्रमा न्युनतम १० वर्षको अनुभव प्राप्त गरेको बैंकिङ्ग विज्ञ - संयोजक १

(ख) व्यवस्थापन, बैंकिङ्ग, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्याङ्कशास्त्र, लेखा, गणित, व्यापार प्रशासन वा कानून विषयमा स्नातक उपाधि हासिल गरी लेखा सम्बन्धि कार्यमा १० वर्षको अनुभव प्राप्त गरेको वा चार्टड एकाउन्टेन्सी (CA) पास गरी ५ वर्षको कार्यानुभव भएको व्यक्ति लेखा विज्ञ - सदस्य १

(ग) कानुनमा स्नातक उपाधि हासिल गरी बैंकिङ्ग क्षेत्रमा कार्य गरेको वा सो विषयमा अध्यापन वा परामर्शदाताको रुपमा न्युनतम ५ वर्षको कार्य अनुभव प्राप्त गरेको कानुन विज्ञ - सदस्य १

(४) राष्ट्र बैंककै कर्मचारीलाई नियुक्त अधिकारी वा विशेष प्रशासन समुहमा तोकिने भएमा राष्ट्र बैंकले आवश्यकतानुसार व्यवस्थापन समूह बनाई तोक्न सक्नेछ ।

(५) ऐनको दफा ८८ख को उपदफा (५) मा उल्लेख भए अनुसार विशेष प्रशासन समूहका सदस्यको पारिश्रमिक कार्य सम्पादनसँग आवद्ध हुनेगरी विभागले देहाय बमोजिम तोक्नेछ । यस्तो पारिश्रमिक ऐनको दफा ८६ग को उपदफा (४) मा भएको व्यवस्था बमोजिम रिजोलुसन गरिने संस्थाले नै व्यहोर्नु पर्नेछ ।

(क) राष्ट्र बैंककै कर्मचारी भएमा कर्मचारीले तत्काल कायम रहेको पदमा प्राप्त गर्ने तलब, केन्द्रिय बैंक भत्ता र खाजा भत्ताको कुल रकम बराबरको रकम तथा अन्य सुविधा बैंकले तत्काल तोकिदिएबमोजिम हुनेछ ।

(ख) राष्ट्र बैंक कर्मचारी बाहेकको व्यक्ति फर्म कम्पनी वा संस्था भएमा बैंकले तत्काल तोकिदिएबमोजिम हुनेछ ।

(६) राष्ट्र बैंकले विशेष प्रशासन समूहका सबै वा कुनै सदस्यको काम सन्तोषजनक नभएमा निजलाई ऐजको दफा ८८ख को उपदफा (३) मा उल्लेख भएबमोजिम कम्तीमा ७ दिनको स्पष्टिकरण पेश गर्न मौका प्रदान गरी पेश भएको स्पष्टीकरण सन्तोषजनक नभएमा ऐनको दफा ८८ख को उपदफा (२) मा उल्लेख भएबमोजिम पदमुक्त गर्न सक्नेछ ।

(७) ऐनको दफा ८८ग को उपदफा (१०) बमोजिम संस्था उपर निक्षेपकर्ता र साहुले पेश गरेका दावीको बैधता निर्धारण, दावी भुक्तानी, दायित्व निर्धारण, तथा ग्राहकको व्यक्तिगत सम्पत्ति फिर्ता गर्ने सम्बन्धी कार्यविधि विशेष प्रशासन समूहले तर्जुमा गरी सम्बन्धित सुपरिवेक्षण विभागबाट स्वीकृत गराई लागू गर्नुपर्नेछ ।

(८) यस विनियम बमोजिम बैंकले नियुक्त गर्ने व्यक्तिको सम्बन्धमा ऐनको दफा १०६क को व्यवस्था लागू हुने छैन ।

**७. व्यवस्थापन समुह, नियुक्त अधिकारी वा विशेष प्रशासन समुहको काम, कर्तव्य र अधिकार** :

(क) व्यवस्थापन समुह, नियुक्त अधिकारी वा विशेष प्रशासन समुहको काम, कर्तव्य र अधिकार (TOR) ऐंनको दफा ८८ग को अधीनमा रही राष्ट्र बैंकले दिएको कार्यादेश बमोजिम हुनेछ ।

(ख) विशेष प्रशासन समूहले दफा ८८क बमोजिम फरफारकमा गएको संस्थाकको

वास्तविक वित्तीय स्थिति देखिने गरी ऐनको दफा ८८च मा उल्लेख भए बमोजिम वासलात तयार गर्नुपर्नेछ ।

(ग) विनियम ७ को उपविनियम (ख) बमोजिमको वासलात तयार गर्दा मुल्यांकन लेखापरीक्षण गराई सोको आधारमा गर्नुपर्नेछ ।

(घ) यसरी तयार गरिएको वासलात र सो सम्बन्धी विस्तृत विवरण राष्ट्र बैंक समक्ष पन्ध्र दिनभित्र पेश गर्नुपर्नेछ ।

(ङ) नियुक्त अधिकारी तथा विशेष प्रशासन समूहका पदाधिकारीले रिजोलुसन गर्न तोकिएको बैंक तथा वित्तीय संस्थाको सम्बन्धमा कुनै पनि कार्य सम्पादन गर्दा तथा निर्णय गर्दा ऐन, प्रचलित कानून र राष्ट्र बैंकबाट जारी निर्देशनहरुको अधिनमा रही संस्था सुधार र निक्षेपकर्ताहरुको निक्षेप सुरक्षित राख्ने तर्फ उन्मुख भई गर्नुपर्दछ ।

## परिच्छेद - ४

## रिजोलुसन समितिको गठन र काम, कर्तव्य सम्वन्धी व्यवस्था

८. **रिजोलुसन समितिको गठन :** (१) संस्था रिजोलुसन सम्बन्धी महत्वपूर्ण विषयहरुमा छलफल गरी सिफारिस तथा आवश्यक निर्णय गर्न देहायका सदस्यहरू रहेको एउटा रिजोलुसन समिति रहनेछ :-

(क) सम्बन्धित डेपुटी गभर्नर - अध्यक्ष,

(ख) डेपुटी गभर्नर - सदस्य

(ग) कार्यकारी निर्देशक, बैंक तथा वित्तीय संस्था नियमन विभाग - सदस्य

(घ) कार्यकारी निर्देशक, बैंक सुपरिवेक्षण विभाग - सदस्य

(ङ) कार्यकारी निर्देशक, बिकास बैंक सुपरिवेक्षण विभाग - सदस्य

(च) कार्यकारी निर्देशक, वित्त कम्पनी सुपरिवेक्षण विभाग - सदस्य

(छ) कार्यकारी निर्देशक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग - सदस्य

(ज) प्रमुख, कानून महाशाखा - सदस्य,

(झ) सम्बन्धित विभागको रिजोलुसन महाशाखा/इकाई हेर्ने निर्देशक - सदस्य सचिव,

(२) रिजोलुसन समितिले आवश्यकता अनुसार अन्य विभागका कार्यकारी निर्देशक वा विषयगत विशेषज्ञ वा अन्य पदाधिकारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) महाशाखा/इकाईको सिफारिशमा विभागिय प्रमुखले पेश गरे अनुसार संस्थाको निरीक्षण प्रतिवेदन, सुधारको अवस्थाका सम्बन्धमा चाल्नुपर्ने थप कदम वा दिनुपर्ने

नयाँ निर्देशन वा थप कारवाहीको लागि प्रस्तावित विषयवस्तुको गाम्भिर्यताका आधारमा सम्बन्धित डेपुटी गभर्नरले रिजोलुसन समितिमा छलफल गर्ने विषयको निर्क्यौल गर्नु पर्नेछ ।

(४) रिजोलुसन समितिको बैंठक सञ्चालन तथा अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम
हुनेछ ।

९. **रिजोलुसन समितिको बैठकमा पेश गर्ने प्रस्ताव :** रिजोलुसन समितिको बैठकमा अध्यक्षको स्वीकृति लिइ संस्थालाई रिजोलुसन प्रक्रियामा लैजाने, समस्याग्रस्त मुक्त गर्ने, संस्थाको प्रगति विवरण र काम कार्यवाही लगायतका प्रस्ताव बैठकमा पेश गरी निर्णय भएअनुसार आवश्यक निकासाको लागि गभर्नर समक्ष पेश गर्नुपर्नेछ ।

१०. **रिजोलुसन समितिको काम, कर्तव्य तथा अधिकार :** रिजोलुसन समितिको काम, कर्तव्य र अधिकार देहायवमोजिम हुनेछ :-

(क) रिजोलुसन उन्मुख संस्थालाई समस्याग्रस्त मुक्त गर्न सिफारिश गर्ने ।

(ख) संस्थाको निरीक्षण प्रतिवेदन वा आवधिक प्रतिवेदनमा गम्भीर प्रकृतिका कैफियत देखिएमा त्यस्ता संस्थालाई महाशाखा/इकाईको सिफरिसमा विभागिय प्रमुखको प्रस्ताव अनुसार गरिने जरिवाना तथा सजायको उपयुक्तता एवम् पर्याप्तता सम्बन्धमा छलफल गरी गभर्नर समक्ष सिफारिस गर्ने ।

(ग) महाशाखा/इकाई मार्फत विभागले सम्बन्धित संस्थालाई जरिवाना वा सजाय प्रस्ताव गर्नु अघि आवश्यक सम्पूर्ण प्रक्रिया एवम् कार्यविधि पूरा गरे नगरेको यकीन गर्ने ।

(घ) आफ्नो राय ठहर सहित सम्बन्धित संस्था तथा पदाधिकारीहरुलाई थप कारवाही, जरिवाना वा सजाय गर्न गभर्नर समक्ष सिफारिश गर्ने ।

(ङ) वित्तीय तथा अन्य परिसूचकबाट समस्याग्रस्त संस्थाको अवस्थामा सुधार हुँदै गएको देखिएमा तोकिएको कारवाहीमा छुट प्रदान गर्न सिफारिस गर्ने ।

(च) नियुक्त अधिकारी/व्यवस्थापन समूह वा विशेष प्रशासन समूह वा फरफारक अधिकारी नियुक्ति सम्वन्धमा सिफारिस गर्ने ।

(छ) संस्थाको सम्पत्ति तथा दायित्व विक्री वा हस्तान्तरण गर्न र प्राप्तीको निर्देशन दिन आवश्यक देखिएमा यकीन गरी त्यस्तो निर्देशन दिन सिफारिस गर्ने ।

(ज) संस्थाको नियमन, सुपरिवेक्षण एवं सुधार प्रकृयाका सम्बन्धमा आइपर्ने विविध विषयहरू उपर छलफल गर्ने र सुधारका थप उपायहरुको अवलम्बन गर्ने ।

११. **बाह्य विशेषज्ञसंग राय सुझाव लिन सकिने:** (१) संस्थाको रिजोलुसन कार्यलाई प्रभावकारी बनाउन नियुत्त अधिकारी वा विशेष प्रशासन समूहले आवश्यकता महसुस गरेमा ऐनको दफा

८८ढ मा भएको व्यवस्था बमोजिम सम्वन्धित विदेशी मुलुकको सम्बन्धित निकाय, वित्तीय क्षेत्रका विज्ञ, विज्ञहरुको समूह वा फर्म, कम्पनी वा संस्थासंग आवश्यक छलफल गर्न वा राय सुझाव लिन सक्नेछ ।

(२) उप-विनियम (१) वमोजिमको राय सुझाव प्राप्त गरेको अवस्थामा सो वापत त्यस्तो विशेषज्ञ सेवा प्रदायकलाई भुक्तानी गर्ने पारिश्रमिक वा शुल्क वापतको रकम रिजोलुसन समितिको सिफरिसमा गभर्नरले स्वीकृत गरेबमोजिम हुनेछ ।

तर, संस्थाको नियुक्त अधिकारी/व्यवस्थापन समूह वा विशेष प्रशासन समूह वा फरफारक अधिकारीले लिएको राय सुझाव वा विशेषज्ञ सेवा वापतको पारिश्रमिक वापतको रकम सम्वन्धित संस्थाबाटै भुक्तानी हुनेछ ।

१२. **महाशाखा/इकाईको संगठनात्मक ढांचाः** (१) महाशाखा/इकाईको संगठनात्मक ढांचा र दरवन्दी सम्बन्धित सुपरिवेक्षण विभागले तोकेबमोजिम हुनेछ ।

(२) रिजोलुसन सम्वन्धी काम कारवाही सम्पादन गर्नको लागि सम्बन्धित विभागको रिजोलुसन महाशाखा/इकाईले सचिवालयको रुपमा कार्य गर्नेछ ।

१३. **वार्षिक प्रतिवेदन सम्वन्धी व्यवस्था :** (१) महाशाखा/इकाईले रिजोलुसन सम्बन्धमा गरेका कामकारवाही सम्बन्धमा विभागीय वार्षिक प्रतिवेदनमा निर्दिष्टरुपमा उल्लेख गर्नुपर्नेछ ।

(२) महाशाखा/इकाईले तयार गरेको वार्षिक प्रतिवेदन गभर्नरबाट स्वीकृत भएपछि प्रकाशन गर्नु पर्नेछ ।

(३) रिजोलुसन प्रक्रियामा रहेको बैंक तथा वित्तीय संस्थाहरुको प्रमूख वित्तीय परिसूचकहरु त्रैमासिक रुपमा सर्वसाधारणको जानकारीको लागि सम्बन्धित विभागले वेवसाईटमा राख्नु पर्नेछ ।

(४) ऐनको दफा ८८ग को उपदफा (१२) बमोजिम विशेष प्रशासन समूहले पेश गर्नुपर्ने प्रतिवेदन पन्ध्र-पन्ध्र दिनमा सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नुपर्नेछ ।

## परिच्छेद-५

## दण्ड सजाय सम्वन्धी व्यवस्था

१४. **कानुन तथा नियमन उल्लङ्घन गरेमा हुने सजाय** : संस्था वा संस्थाका पदाधिकारीले ऐनमा भएको व्यवस्था, प्रचलित कानून, राष्ट्र बैंकबाट जारी गरिएको नियमन, निर्देशन, आदेश वा परिपत्रको उल्लङ्घन गरेमा त्यस्तो संस्था वा संस्थाका पदाधिकारीलाई ऐनको परिच्छेद (११) बमोजिम वा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनको परिच्छेद (१३) बमोजिम वा प्रचलित कानून बमोजिम कारवाही, दण्ड तथा सजाय हुनेछ ।

१५. **आर्थिक जरिवाना र सजायको कार्यविधिः** विनियम १४ वमोजिम सजाय वा आर्थिक जरिवाना

गर्दा ऐनको परिच्छेद (११) बमोजिम तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनको परिच्छेद (१३) बमोजिम वा प्रचलित कानून बमोजिमको कार्यविधि अवलम्वन गरी गरिनेछ ।

## परिच्छेद -६
## विविध

१६. **अख्तियारी सम्बन्धमा** : रिजोलुसन सम्बन्धी काम कारवाहीसँग सम्बन्धित विषयहरुमा आवश्यक निर्णय गर्ने तथा प्रस्तावहरु स्वीकृत गर्ने अख्तियारी अनुसुची - २ मा उल्लेख भएबमोजिम हुनेछ ।

१७. **आवश्यक निर्देशन दिन सक्नेः** (१) संस्था रिजोलुसनको सिलसिलामा संस्थाका पदाधिकारीको काम कारवाहीले संस्थाको खर्च बढ्ने, सुधार प्रकृया ढिलो हुने वा जोखिम बढ्ने देखिएमा जोखिमको स्तर अनुसार प्रचलित कानून लगायत अन्तराष्ट्रिय प्रचलनका आधारमा संस्थालाई कुनै काम गर्न वा नगर्न वा तत्काल कुनै कार्य सम्पादन गर्न महाशाखा/इकाईको सिफारिसमा विभागले आवश्यकतानुसार निर्देशन दिन सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम दिएको निर्देशनको महत्व र गहनतालाई ध्यानमा राखी विभागीय प्रमुखले सो विषयको जानकारी सम्बन्धित डेपुटी गभर्नरलाई गराउनु पर्नेछ ।

१८. **संस्थाको सम्पत्ति बिक्री गर्न स्वीकृति दिने र निर्णय मान्य हुनेः** (१) संस्था सुधारको सिलसिलामा संस्थाको सम्पत्ति तथा दायित्वको बिक्री वितरण वा हस्तान्तरण नगर्दा वा चल अचल सम्पत्तिको बिक्री वितरण नगर्दा खर्च बढ्ने वा कुनै वाधा व्यवधान हुने देखिएमा नियुक्त अधिकारी वा विशेष प्रशासन समूहले ऐनको दफा ८६ङ को उपदफा (ख) र (घ) बमोजिम संस्थाको कुनै पनि सम्पत्ति वा दायित्व विक्री वितरण वा हस्तान्तरण गर्न राष्ट्र बैंकको पूर्व स्वीकृति माग गरेमा औचित्य तथा आवश्यकताको यकीन गरी स्वीकृति प्रदान गर्न सक्नेछ ।

(२) संस्थाको सम्पत्ति, दायित्वको विक्री वितरण तथा काम कारवाहीको सिलसिलामा कुनै विवाद सिर्जना भएमा राष्ट्र बैंकले त्यस्तो बिवाद समाधान गर्न आवश्यक निर्णय गर्न र निर्देशन दिन सक्नेछ ।

(३) संस्था सुधार सम्वन्धी काम कारवाहीको सिलसिलामा संस्थाका संस्थापक, संचालक, व्यवस्थापक, पदाधिकारीहरु तथा सरोकारवालाहरुको बीचमा उप विनियम (२) बाहेकका अन्य विषयमा विवाद सिर्जना भएमा सो सम्वन्धमा राष्ट्र बैंकको मध्यस्थतामा भएको निर्णय अन्तिम हुनेछ ।

१९. **बीमा/सुरक्षण कम्पनीसंगको समन्वय :** संस्थाहरुले कारोवार सञ्चालन गर्दा आफ्नो सम्पत्ति तथा दायित्व सुरक्षणको लागि निक्षेप बीमा कम्पनीहरुसंग बीमा/सुरक्षण गरेको अवस्थामा सो को व्यवस्थापन/फरफारक कार्यलाई सहज बनाउन संस्थाको व्यवस्थापनले अनुरोध गरेमा महाशाखा/इकाइको सिफारिसमा कार्यकारी निर्देशकले सम्वन्धित निकायसंग समन्वय गरी

हिसाव मिलान कार्य अगाडि बढाउन पहल गर्नेछ।

२०. **शेयर खरिद बिक्री गर्दा स्वीकृति लिनु पर्ने :**

समस्याग्रस्तवाट फुकुवा भएको मितिले ५ वर्षसम्म रिजोलुसन प्रक्रियामा थप भएका नयाँ लगानीकर्ताले खरिद गरेको शेयर खरिद विक्रि गर्दा राष्ट्र बैंकको स्वीकृति लिनु पर्नेछ।

२१. **बाधा अड्काउ फुकाउने अधिकार :** यस विनियमावली बमोजिम कार्य सम्पादन गर्दा कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार रिजोलुसन समितिको सिफारिसमा गभर्नरलाई हुनेछ।

२२. **खारेजी तथा बचाउ :**

(१) समस्याग्रस्त बैंक तथा वित्तीय संस्था रिजोलुसन विनियमावली, २०७१ खारेज गरिएको छ।

(२) उप विनियम (१) बमोजिम खारेज गरिएको विनियमावली बमोजिम भए गरेको काम कारवाही यसै विनियमावली बमोजिम भए गरेको मानिनेछ।

***

## अनूसुची - १

## विनियमावलीको विनियम २० सँग सम्बन्धित

### रिजोलुसन समितिमा पेश गर्ने प्रतिवेदनमा समावेश हुनुपर्ने न्यूनतम विषयहरु

(क) समस्याग्रस्त संस्थाको संक्षिप्त परिचय : शेयर स्वामित्व संरचना, संचालक समिति र कार्यकारी प्रमुखको विवरण ।

(ख) प्रमुख वित्तीय परिसुचकहरु : पूँजी, कुल कर्जा, बक्यौता कर्जा रकम, निष्कृय कर्जा अनुपात, कुल निक्षेप, तरलता/निक्षेप अनुपात ।

(ग) संस्था समस्याग्रस्त हुनाको कारणहरु ।

(घ) संस्था सुधारको सम्वन्धमा विद्यमान कानूनी व्यवस्थाहरु ।

(ङ) स्थलगत निरीक्षण वा गैर-स्थलगत सुपरिवेक्षणका क्रममा दिइएका निर्देशनहरुको कार्यान्वयन अवस्था ।

(च) व्यवस्थापन नियन्त्रण तथा शिघ्र सुधारात्मक कारवाहीको अवस्था ।

(छ) संस्थाको सुधार सम्वन्धमा हालसम्मको प्रगति र आगामी दिनमा चाल्नु पर्ने कदमहरु ।

(ज) अन्य विषयहरु ।

## अनूसुची - २

## विनियम १६ सँग सम्बन्धित अख्तियारी विवरण

| सि.नं. | विषय/शीर्षक | स्वीकृत गर्ने अख्तियारी |
|---|---|---|
| १. | संस्थालाई समस्याग्रस्त अवस्थाबाट फुकुवा गर्ने | संचालक समिति |
| २. | संस्थालाई विघटन/फरफारकमा लैजाने निर्णय गर्ने | संचालक समिति |
| ३. | संस्था प्राप्तीको लागि अनुमति प्रदान गर्ने/निर्देशन दिने | संचालक समिति |
| ४. | वित्तीय प्रणालीको लागि महत्वपूर्ण संस्थामा पूँजी लगानी गर्न नेपाल सरकारमा सिफारिस गर्ने तथा व्यवस्थापन नियन्त्रणमा लिने | संचालक समिति |
| ५. | नियुक्त अधिकारी, व्यवस्थापन समूह, वा विशेष प्रशासन समुहको शुरु नियुक्ति गर्ने, फिर्ता वोलाउने वा हटाउने | गभर्नर |
| ६. | नियुक्त अधिकारी, व्यवस्थापन समूह, वा विशेष प्रशासन समुहको बढीमा एक वर्ष सम्म पदावधि थप गर्ने । | गभर्नर |
| ७. | संस्था, संस्थाका संचालक, प्रमुख कार्यकारी अधिकृतलाई थप कारवाही गर्ने, परिवर्तन गर्ने वा हटाउने | गभर्नर |
| ८. | संस्थाको संचालक, कार्यकारी प्रमुख वा अन्य पदाधिकारीलाई सचेत गराउने | गभर्नर |
| ९. | संचालक, संस्थापकको शेयर खरिद बिक्रीको स्वीकृति प्रदान गर्ने | गभर्नर |
| १०. | संस्थाको चल अचल सम्पत्ति र दायित्व खरिद/बिक्री/हस्तान्तरणको स्वीकृति प्रदान गर्ने | गभर्नर |
| ११. | संस्थाको प्रमुख कार्यकारी अधिकृतको सुरु नियुक्ति गर्न स्वीकृति दिने | गभर्नर |
| १२. | संस्थाको प्रमुख कार्यकारी अधिकृतको सुरु नियुक्ति पश्चात पदावधि थप गर्न स्वीकृति दिने | गभर्नर |
| १३. | संस्थाको बाह्य लेखापरिक्षकको नियुक्तिको स्वीकृति प्रदान गर्ने | गभर्नर |
| १४. | करार वा ज्यालादारीमा अन्य कर्मचारी नियुक्त गर्न स्वीकृति दिने | डेपुटी गभर्नर |
| १५. | रु. ५ करोडभन्दा बढी निक्षेप फिर्ताको स्वीकृति दिने | डेपुटी गभर्नर |
| १६. | संस्थाको नियमित प्रकृतिका मासिक रु. ५ लाखभन्दा बढीको खर्चको स्वीकृति प्रदान गर्ने | डेपुटी गभर्नर |
| १७. | समस्याको प्रकृतिको आधारमा संस्थालाई आवश्यकता अनुसार थप निर्देशन दिने | कार्यकारी निर्देशक |
| १८. | करार वा ज्यालादारीमा अन्य कर्मचारीको पदावधि थप गर्न स्वीकृति दिने | कार्यकारी निर्देशक |
| १९. | संचालक, प्रमुख कार्यकारी अधिकृत र अन्य सम्बन्धित पदाधिकारीसंग छलफल गर्ने, लिखित वा मौखिक जानकारी, विवरण वा सूचना माग गर्ने | कार्यकारी निर्देशक |
| २०. | आवधिक प्रतिवेदन वा अन्य प्रस्ताव तयार गरी रिजोलुसन समितिमा पेश गर्ने | कार्यकारी निर्देशक |
| २१. | विभिन्न निकाय वा पदाधिकारीसंग आवश्यक पत्राचार गर्ने, समन्वय गर्ने र संबेदनशील विषयसंग सम्वन्धित अभिलेख राख्ने वा राख्न लगाउने | कार्यकारी निर्देशक |
| २२. | विशेष निरीक्षण, गैर-स्थलगत सुपरिवेक्षण र अनुगमन गर्ने/गराउने | कार्यकारी निर्देशक |
| २३. | नियमित, आवधिक वा थप सूचना, जानकारी वा विवरण माग गर्ने | कार्यकारी निर्देशक |

| | | |
|---|---|---|
| २४. | रु. २ लाखभन्दा बढी रु. ५ करोडसम्मको निक्षेप फिर्ताको स्वीकृति दिने | कार्यकारी निर्देशक |
| २५. | संस्थाको नियमित प्रकृतिका मासिक रु. ५ लाखसम्मको खर्चको स्वीकृति प्रदान गर्ने | कार्यकारी निर्देशक |
| २६. | रु. २ लाखसम्मको निक्षेप फिर्ताको स्वीकृति दिने | नियुक्त अधिकारी वा विशेष प्रशासन समुह |